# नेपाल कानून व्यवसायी परिषद्

## अनुशासन समितिका

अध्यक्ष डा.श्री नारायणदत्त कडेल
सदस्य श्री उपेन्द्र केशरी न्यौपाने
सदस्य श्री चण्डेश्वर श्रेष्ठ
बाट भएको

**निर्णय**

गिता माया माझी ................................................................................. १ निवेदक

विरुद्ध

जिल्ला भक्तपुर, मध्यपुर ठिमी -१४ स्थायी घर भई हाल पाटन उच्च अदालत बार एकाईका सदस्य अधिवक्ता सुन्दरकृष्ण श्रेष्ठ (प्र.प.नं. ९४२६) ...........................................१ विपक्षी

मुद्दाः कानून व्यवसायीको आचरण विपरितको कार्य गरेको ।

म निवेदकको रकम अधिवक्ता सुन्दरकृष्ण श्रेष्ठ प्र.प.नं.९४२६ ले कागज गरी हुँदै नभएको व्यहोरा राखी उल्टो कागज बनाई म निवेदकले रकम दिई सरिता श्रेष्ठ सेवासँग जग्गा किन्ने भनी रु २,००,०००।-(अक्षेरुपी दुई लाख) दिएको थिए । तर निज कानून व्यवसायी अधिवक्ता सुन्दर कृष्ण श्रेष्ठले र निज सरिता श्रेष्ठ सेवाबाट म निवेदकले बैना बापत रकम बुझेको र बैना कागजमा उल्लेखित काभ्रे जिल्ला उग्रतारा कोलाटी वडा नं. ३ कि.नं. ५७७ क्षेत्रफल ०६-३-० र ऐ. ऐ. कि.नं. ५७९ क्षेत्रफल ०-४-०-० को जग्गा सरिता श्रेष्ठ सेवा जग्गा किन्ने र म निवेदकले बेच्ने भनी हुदै नभएको व्यहोरा हाली कागज गराएको र उक्त कागजमा उल्लेखित रकम माग गर्दा निज अधिवक्ता सुन्दरकृष्ण श्रेष्ठसँग पटक पटक प्रहरीवृत जनसेवा, विशालबजारमा छलफल हुँदा ६ महिना भित्रमा दिन्छु भनि भनेको १ वर्ष वितिसक्दा पनि नदिएको र कानून व्यवसायी परिषद्मा मुद्दा हाल्नु तिर्नु परे उही गएर तिरौला भनेको सो उल्टो कागजमा निजकै श्रीमति रचना श्रेष्ठलाई साक्षी राखी म अनपढसँग उल्टो कागज गराई आफुले गल्ती स्वीकार गरी रकम दिन्छु भनी हालसम्म पनि नदिएको हुनाले प्रस्तुत निवेदन लिई आएकी हुँ निज अधिवक्ताबाट रकम दिलाई भराई पाँउ भन्ने समेत व्यहोराको गिता माया माझीको उजुरी ।

म लिखित जवाफ प्रस्तुतकर्ताले गरेको कागज हेर्दा सरिता श्रेष्ठ सेवासँग काभ्रे उग्रतारा कोलाटी वडा नं. ३ कित्ता नं. ५७७, ५७९, क्षेत्रफल ०-६-३-० र ०-४-०-० जग्गा विकी गर्ने भनी वैना वापत रु २,००,०००।- रुपैया बुझि लिएको भनी उल्टो कागज गरी दिएकोले निज अधिवक्ताबाट मेरो रकम दिलाई भराई पाँउ भन्ने समेत व्यहोराको उजुरी मेरा विरुद्ध परेकाले कानून व्यवसायीको आचरण सम्बन्धी नियमावली , २०७९ को विपरीतको कार्य गरेको भन्ने सम्पूर्ण कुराहरु झुठा रहेको तथा मैले उजुरीकर्ता गितामाया माझी र सरीता श्रेष्ठ सेवासँगै मेरा घरमा आई गितामाया माझीले वैना गरी राखेको उल्लेखित जग्गा म सरीता श्रेष्ठले खरीद गर्न लागेकोले बैना कागज गराउनु पऱ्यो। वैना कागजको फाराम समेत हामीले नै लिएर आएका छौ । यो फाराम भरी दिनुहोस भनी निजहरुले भनेकोले भने बमोजिम निजहरुले नै ल्याएको बैना कागजको फाराम

समेत भरी दिएको थिए । मैले फाराम भरी सकेपश्चात प्रचलित मुलुकी देवानी कार्यविधी संहिता २०७४ को दफा ३६ बमोजिम घरसारमा भएको लिखत स्थानिय निकायबाट प्रमाणित गराउनु पर्ने भएकोले यो कागज वडाबाट प्रमाणित गराउने समयमा नै रकम तपाई सरिता श्रेष्ठबाट बुझिलिई बैना रकम सरिता श्रेष्ठ सेवालाई दिन्छु भनी गितामाया माझीले नै सहिछाप भएको वैना कागज आफ्नै साथमा लिई जानु भएको थियो । त्यस पश्चात उक्त कागज वडामा प्रमाणित भयो भएन मलाई जानकारी भएन । हाल आएर गितामाया माझी र सरिता श्रेष्ठ सेवा विच व्यवहार विग्रिए पछि निज निवेदकले कानून व्यवसायीबाट नै रकम असुल गर्न सकिन्छकी भन्ने कुचेष्टा रची उजुरी गरेकी रहिछन । अनपढलाई सहि गराएको भनी लेखेको सबै व्यहोरा झुठा हो उनी पढेलेखेकी जानेकी भएकोले अंग्रेजीमा सही समेत गरेकी छन् । प्रहरी बृत विशाल बजारमा छलफल हुँदा ६ महिनामा दिन्छु भनी भनेको भन्ने आरोप झुठा हो हालसम्म मलाई प्रहरीले बोलाएको छैन साथै आचरण विपरीतको कुनै कार्य गरेको छैन भनी विपक्षी अधिवक्ता सुन्दर कृष्ण श्रेष्ठको लिखित प्रतिक्रिया ।

अधिवक्ता सुन्दरकृष्ण श्रेष्ठको लिखित प्रतिक्रिया चित्त नबुझी ७ दिने स्यष्टिकरण माग गरेकोमा निजले सो स्पष्टिकरणमा कानून व्यवसायी प्रमाणपत्र नै रद्ध हुने सम्मको कठोर सजाय हुने गरी अनुचित लाभ लिएको छैन, अत्यन्तै न्यून पारिश्रमिकमा कागज तयार गरेको थिए यसभन्दा पहिले कहि कतै गल्ती गरी सजाय पाएको छैन, सो कागज वडामा प्रमाणित गराएको भए सोही समयमा नै गल्ती सच्चाउने मौका पाएने थिए सो कार्य निज निवेदकबाट समेत भएन, मबाट भएको सामान्य गल्ती कमजोरी मेरो प्रमाणपत्र रद्ध गर्ने प्रकृती र सो हदसम्मको काम मबाट नभएकोले प्रमाणपत्र रद्ध हुनु पर्ने होईन मैले हालसम्म व्यवसायिक आचरण मर्यादा राखी पक्षको हितमा सर्वोपरि ध्यान दिई काम गरेको र भविश्यमा समेत पूर्ण रुपले पालना गर्ने प्रतिवद्धता जाहेर गर्दै विनम्रतापूर्वक सादर अनुरोध गरेको स्पष्टिकरण ।

**ठहर**

यसमा विपक्षी अधिवक्ता सुन्दरकृष्ण श्रेष्ठलाई निवेदक गितामाया माझीले सरिता श्रेष्ठसेवालाई जग्गा खरिद गर्न रु दुई लाख वैना रकम दिएको कागज बनाउनु पर्नेमा उल्टै निवेदकले सरिता श्रेष्ठ सेवाबाट रकम लिएको उल्टो व्यहोराको कागज बनाईदिएको र आफुले गलत कागज लेखेको कुरा स्वीकार्दा स्वीकार्दै पनि रकम फिर्ता नदिएको भन्ने गितामाया माझीको उजुरी रहेको देखियो । विपक्षी अधिवक्ताले लिखित जवाफमा उजुरी व्यहोरा इन्कार गरेता पनि दुवै पक्षलाई यस समिति समक्ष छलफलमा झिकाउदा बहसका क्रममा विपक्षी अधिवक्ताले कागजमा भुलबस उल्टो व्यहोरा हुन गएको भनी भनेको हुँदा उजुरीकर्ताले भने जस्तै उल्टो व्यहोराको कागज गरिदिएको स्पष्ट हुन आयो । यद्यपी विपक्षी अधिवक्ताले आफ्नो गल्ती स्वीकार गरी रकम आफै फिर्ता गरिदिन मञ्जुर भएको र उजुरीकर्ताले समेत रु २,००,०००।- (अक्षेरुपी दुई लाख रुपैया ) लक्ष्मी बैक लिमिटेडको खाता नं. ०६२२४०००३१८ को चेक नं. ००६३१६४२६३ बाट रकम बुझिलिई मिलापत्र गर्न मञ्जुर गरी उजुरी बमोजिम निज सुन्दरकृष्ण श्रेष्ठलाई सजाय हुनुपर्ने होईन भनी कागज गरिदिएबाट निज अधिवक्ता सुन्दर कृष्ण श्रेष्ठले जानी बुझी मनसाय पूर्वक उजुरवालालाई ठगी गरेको भन्न सकिएन । कानून व्यवसाय गर्ने क्रममा विपक्षी अधिवक्ताबाट भूलबस गल्ती हुन गएको सम्म देखियो ।

अतः उजुरी निवेदन बमोजिम विपक्षी अधिवक्ता सुन्दरकृष्ण श्रेष्ठलाई कारबाही हुनुपर्ने नदेखिदा दुवै पक्ष विच मेलमिलाप समेत भैसकेको हुदाँ उजुरी निवेदन खारेज हुने ठहर्छ । यद्यपी अब उपरान्त कानून व्यवसाय गर्दा यस्तो गल्ती नदोहोऱ्याउनु भनी विपक्षी अधिवक्ता सुन्दर कृष्ण श्रेष्ठलाई ध्यानाकर्षण गराउनु अरुमा तपसिल बमोजिम गर्नु ।

तपसिल

१. निवेदक गिता माया माझीलाई  निर्णयको जानकारी दिनु ........................................................  १

२.विपक्षी अधिवक्ता सुन्दरकृष्ण श्रेष्ठलाई ध्यानाकर्षण गराउनु ..........................................................१

३.प्रस्तुत उजुरीको दर्ताको दायरी लगतकट्टा गरी नियमानुसार गर्नु..............................................१

| | | |
|---|---|---|
| (चण्डेश्वर श्रेष्ठ) | (उपेन्द्र केशरी न्यौपाने) | (डा.श्री नारायणदत्त कडेल) |
| सदस्य | सदस्य | अध्यक्ष |

ईति सम्वत् २०८३ साल श्रावण महिनाको १९ गते रोज ३ शुभम् ....................................

(नेपाल सम्वत् ११४६ दिल्लाथ्व)